उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२९


पत्र संख्या :- २०८०/०८१

चलानी नं : १६८८

मिति २०८१/०२/ २८

ने.स.११४४,तछलाथ्व , सोमबार

## पशुधन बिमाको प्रिमियममा अनुदान कार्यक्रमका लागि दरखास्त आह्वानको सूचना

उमाकुण्ड गाउँपालिका पशुपंक्षी विकास शाखाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार कृषकको काबु भन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरण गरी कृषकहरुलाई व्यवसायिक पशुपालनतर्फ आकर्षित गर्न सहयोग गर्न पशुधन बिमाको प्रिमियम अनुदान कार्यक्रम रहे अनुसार तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुँदासम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम पशुपंक्षी विकास शाखामा पेश गर्नुहोला । विस्तृत जानकारीका लागि उमाकुण्ड गाउँपालिका पशुपंक्षी विकास शाखामा ९८६४७८१७४४ सम्पर्क राख्नुहुन अनुरोध छ ।

..............................

मापदण्ड/आधारहरु :

१) उमाकुण्ड गाउँपालिकाभित्र पशु पालन व्यवसाय हुनुपर्ने छ ।

२) बिमा ऐन, २०४९ बमोजिम दर्ता भएको बिमा कम्पनीबाट बिमा गरेको हुनुपर्दछ ।

३) बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बिमा गरिएको हुनुपर्नेछ ।

आवश्यक कागजातहरु :

१) उमाकुण्ड गाउँपालिका पशुपंक्षी विकास शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन ।

२) पशु बिमा प्रमाण पत्रको प्रतिलिपि ।

३) वडा कार्यालयबाट उमाकुण्ड गाउँपालिकाभित्र पशुपालन गरेको व्यहोरा सहितको सिफारिस ।

४) दर्ता फर्म भएमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।